# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५०) काठमाडौं,साउन१गते २०५७साल (अतिरिक्ताङ्क १८ (क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी आयकर दर्ता प्रमाणपत्र लिई नसकेका तथा प्रमाणपत्र लिए तापनि आफ्नो आ.व. २०५२।०५३ र सोभन्दा अधिका आ.ब. हरु देखिको आय विवरण पेश नगरेको करदाताहरूको कर निर्धारण गर्ने प्रयोजनको लागि खुद आय निर्धारण गराउन देहाय बमोजिमको आय निर्धारण समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. समितिको गठन विधिः

(क) कर विभागका महानिर्देशकले तोकेको रा.प. द्वितीय श्रेणीका अधिकृत —अध्यक्ष

(ख) स्थानीय भन्सार कार्यालयका प्रमुख वा निज नभएका ठाउँमा मूल्य अभिवृद्धि कर कार्यालयका प्रमुख वा निजहरूले तोकेको अधिकृत —सदस्य

(ग) सम्बन्धित कर कार्यालयका प्रमुख वा निजले तोकेको कर अधिकृत —सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिलाई प्रदान गरिएको अधिकारः

(क) आयकर ऐन, २०३१ अनुसार कर अधिकृतलाई भएको अधिकार,

(ख) आयकर ऐन, २०३१ को दफा १७क. अन्तर्गतको साना करदाताको कर निर्धारण गर्ने अधिकार,

(ग) आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) अनुसार कर अधिकृतलाई भएको अधिकार,

(घ) आयकर ऐन, २०३१ को दफा ४६ को खानतलासी गर्ने अधिकार,

(ङ) आयकर ऐन, २०३१ को दफा ५९ को उपदफा (३) अनुसार महानिर्देशक लाई भएको अधिकार,

३. समितिको कार्यविधिः

समितिको कार्यविधि २०५७ श्रावण १ गतेदेखि २०५८ आषाढ मसान्तसम्म हुनेछ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०२